# शिलवन्दी बोलपत्र/दरभाउपत्र आव्हानको सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०७६/११/१०)

आम्दा नेपाल अन्तर्गत आम्दा माइन्डस् को आर्थिक सहयोगमा सञ्चालित मातृ शिशु स्वास्थ्य परियोजना मार्फत दाङ् जिल्लाको गढवा गाउँपालिका क्षेत्रभित्रका खबारी नाका, मुसिनाका, चिमचिमे र कालाकाँटिमा सामुदायिक स्वास्थ्य ईकाइ र गाउँघर क्लिनीक भवन निर्माण गर्नुपर्ने भएकाले ईच्छुक प्रचलित कानून बमोजिम ईजाजत प्राप्त फर्महरुबाट यो सूचना (सूचना नं.006920/AMDA/MCHP/2020) प्रकाशित भएको मितिले १० दिन भित्र आम्दा नेपालको केन्द्रीय कार्यालय, काठमाण्डौंमा आई पुग्ने गरि निम्न शर्त सहित शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । यस सूचना सम्बन्धी विस्तृत विवरणका लागि तलको ठेगानामा सम्पर्क राख्नुहुन समेत अनुरोध छ ।

**शर्तहरुः**

१. बोलपत्र/दरभाउपत्र फारम रु. ५,०००।– (अक्षरुपी रु. पाँच हजार मात्र) फिर्ता नहुने गरी नगद तिरी फर्म/कम्पनी नविकरण भएको ईजाजतपत्रको प्रतिलिपि, प्यान/भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७५।०७६ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि समेत संलग्न गरि लिखित निवेदन पेश गरी **'प्राविधिक र आर्थिक'** प्रस्ताव छुट्टाछुट्टै पेश गर्ने फारम आम्दा नेपाल केन्द्रीय कार्यालय, जोरपाटी काठमाण्डौं वा आम्दा नेपाल, मातृशिशु स्वास्थ्य परियोजना, गढवा, दाङ्गबाट प्राप्त गर्न सकिनेछ ।

२. शिलवन्दी बोलपत्र पेश गर्दा शिलवन्दी खामको बाहिर फर्म/कंपनीको नाम, ठेगाना, सम्पर्क टेलिफोन नंम्बर स्पष्टरुपमा उल्लेख गर्नुपर्नेछ र शिलवन्दी खाममा आफुले गर्न चाहेको कामको नाम र सूचना नम्बर **006920/AMDA/MCHP/2020, Construction of CHU and/or ORC** सहित प्राविधिक वा आर्थिक प्रस्ताव हो प्रष्टसँग उल्लेख गरिएको हुनुपर्नेछ ।

३. रितपूर्वकको शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १० औं दिन दिऊसो २ बजे भित्र आम्दा नेपाल केन्द्रीय कार्यालय जोरपाटीमा पेश गरिसक्नु पर्नेछ।

४. बोलपत्रको साथमा न्यूनतम रू. ३,५०, ९३५।- वा आफूले कबोल गरेको रकम र सोमा लाग्ने मूल्य अभिबृद्धि कर (भ्याट) समेत अनुमानित मुल्यमध्ये जुन बढि हुन आउछ त्यस मुल्यको २.५% ले हुन आउने बरावर रकमको तिन महीनाको लागि मान्यहुने गरि आम्दा नेपालको नाममा जारी भएको बिडवण्ड संलग्न हुनुपर्ने छ । तोकिए वमोजिमको विडवण्ड समाबेश नगरी बोलपत्र पेश गरेमा संवन्धित फर्म/कंपनीलाई कालोसूचिमा राख्न सकिनेछ । छनौट भएको बोलपत्रदाताले, सूचना जारी भएको सात दिन भित्र स्विकृत रकम भ्याट समेतको जम्मा पाँच प्रतिशतका दरले हुन आउने रकम बराबरको, संलग्न बोलपत्र फारममा उल्लेख भएको अवधि सम्म मान्य हुने गरी आम्दा नेपालको नाममा जारी भएको परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) सहीत आम्दा नेपालसँग संझौता गरिसक्नु पर्नेछ, अन्यथा बिडवण्ड जफत हुनेछ । बोलपत्रहरुको आन्तरिक मूल्याङ्कनको आधारमा आम्दा नेपालले थप बीस प्रतिशतसम्म परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) माग गर्न सक्नेछ ।

५. बोलपत्र फारम भर्दा नेपाल सरकारको प्रचलित नियमानुसार भ्याट बाहेकको नेपाली मुद्राको दररेट अंक र अक्षर दुबैमा भर्नुपर्नेछ । अंक र अक्षरमा द्विविधा भएमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । केरमेर भएको ठाउँमा सही छाप गर्नुपर्नेछ । नेपाल सरकारलाई तिर्न बुझाउनु पर्ने भ्याट बाहेक सबै प्रकारका करहरु र स्थानिय स्तरमा तिर्नु पर्ने अन्य सबै प्रकारका कर तथा शूल्कहरु दररेटमा समाबेश भएको मानिनेछ । बोलपत्रदाताले गर्नु पर्ने कामको पूर्ण विवरण (कामको प्रकार, स्थान, अवधि आदि) बुझी जानी दररेट भरेको मानिनेछ । आवश्यक परेमा आम्दा नेपालले बोलपत्रदाताले प्रस्ताब गरेको काम तथा

निर्माण कार्यमा प्रयोग गर्न प्रस्ताव गरेको सामानहरुको गुणस्तर परिक्षण गर्न सक्नेछ । तोकिएको गुणस्तर बमोजिमको सामान आपूर्ति वा काम सम्पन्न गर्न नसकेमा समेत परफरमेन्स वोण्ड (बैंक ग्यारेन्टी) जफत हुनेछ ।

६. शिलबन्दी बोलपत्रका साथ अद्यावधिक कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०७५/०७६ सम्मको करचुक्ताको प्रमाणपत्र/मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, कम्पनी/फर्मको दर्ता प्रमाणपत्र, संक्षिप्त परिचय तथा कार्यानुभव संलग्न गर्नुपर्नेछ ।

७. अन्य शर्त तथा कार्यविवरण बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ । बोलपत्रमा संशोधन आवश्यक देखिएमा पेश गर्ने अन्तिम मिति अगावै आम्दा नेपालले संशोधन गर्न सक्नेछ ।

८. शिलबन्दी बोलपत्रहरु, बोलपत्र फारम बुझाउने अन्तिम मितिको दिनको ३।३० बजे बोलपत्र दाताहरु वा निजको प्रतिनिधिहरु समेतको रोहवरमा प्राविधिक प्रस्ताव आम्दा नेपालको केन्द्रीय कार्यालयमा खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा बिदा पछि कार्यालय खुलेको दिन सोही स्थान र मितिमा खोलिनेछ । बोलपत्र/दरभाउपत्र दाताको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र  खोल्न वाधा पुग्ने छैन ।

९. रितपूर्वक प्राप्त नभएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

१०. आम्दा नेपालले बोलपत्रदाताले पेश गरेको प्रस्ताव मध्ये कुनै एक वा सम्पूर्ण काम/सरसामान/सेवा समेत छनौट गर्न सक्नेछ । संझौताको अवधि निमार्ण संवन्धि काम सम्पन्न भए पश्चात् एक वर्ष अवधि सम्म मान्य हुने गरि गरिनेछ ।

११. छनौट भएको बोलपत्रदाता र आम्दा नेपाल बिच संझौता सम्पन्न हुनासाथ आम्दा नेपाल वा आम्दा नेपाल अन्तर्गत सञ्चालित अस्पताल÷परियोजनाले कार्यादेश जारी गर्न सक्नेछ । कार्यादेश जारी भएको मितिले निमार्ण संवन्धि काम गर्ने व्यवसायीले बोलपत्रफारममा तोकिएको अवधि भित्र आम्दा नेपाल अन्तर्गत सञ्चालित कार्यालय/अस्पताल/परियोजनाहरुले जारी गरेको कार्यादेशमा तोकिएको स्थानमा, तोकिएको सम्पूर्ण परिमाणको काम वा सरसामानहरुको आपूर्ति पूर्णरुपमा सम्पन्न गरि आम्दा नेपाललाई हस्तान्तरण गरिसक्नु पर्नेछ । आम्दा नेपालले जारी गरेको कार्यादेश बमोजिम तोकिएको स्थानमा तोकिएको समय भित्र तोकिए वमोजिमको सम्पूर्ण काम (निर्माण तथा आपूर्ति) छनौट भएको बोलपत्रदाताले पूर्णरुपमा गरिसक्नुपर्नेछ अन्यथा परफरमेन्स वोण्ड जफत हुनेछ वा आम्दा नेपालले निर्धारण गर्ने जरिवाना, बैंक ग्यारेन्टीबाट असुल उपर गरिनेछ ।

१२. आम्दा नेपाल र बोलपत्रदाता बिच संझौता सम्पन्न भई आम्दा नेपालले कार्यादेश जारी गरेको मितिले ६ (छ) महिना भित्र कार्य सम्पन्न गरि सक्नुपर्ने छ । बोलपत्रदातालाई "एड्भान्स पेमेन्ट" आवश्यक परेमा आम्दा नेपालको नियमानुसार जम्मा संझौता रकमको बढीमा बीस प्रतिशत रकम बोलपत्रदाताले पेश गरेको सो बराबरको एड्भान्स पेमेन्ट ग्यारेन्टीको आधारमा मात्र भुक्तानी दिन सकिनेछ । छनौट भएको बोलपत्रदाताले आम्दा नेपालसँग गरेको संझौताको शर्तहरु पालना गर्न असमर्थ भएमा आम्दा नेपालले परफरमेन्स बोण्ड र एड्भान्स पेमेन्ट ग्यारेन्टी दुवै जफत गर्नेछ ।

१३. आयु तोकिएको बस्तु, सेवा वा सरसामानहरुको हकमा, आम्दा नेपालका लागि सो बस्तु, सेवा वा सरसामानहरु बुझाउँदा वा प्रयोग गर्दाको दिनमा सोको जम्मा आयु अवधि कम्तिमा असि प्रतिशत बाँकी रहेको हुनुपर्नेछ ।

१४. आम्दा नेपालका लागि आपूर्ति गर्ने बस्तु, सेवा वा सरसामानहरु उत्पादकले प्याकिङ्ग गरि बजारमा वितरण गर्दाको अवस्थामा हुनुपर्नेछ । क्षतिग्रस्त सरसामान आपूर्ति तथा प्रयोग स्विकार गरिने छैन । आम्दा नेपालले निर्माण कार्य सम्पन्न भई सोको हस्तान्तरण लिनु अगावै कुनै प्रकारको क्षति हुन पुगेमा सो क्षतिको जिम्मेवारी निमार्ण व्यवसायी अर्थात छनौट भएको बोलपत्रदाताले लिनु पर्नेछ ।

१५. निर्माण व्यवसायीले कार्यादेशमा तोके बमोजिम निर्माण गर्न नसकेमा आम्दा नेपालले संझौता रद्द गरि परफरमेन्स वोण्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्नेछ ।

१६. आम्दा नेपालले जारि गरेको कार्यादेश बमोजिम तोकिएको समयावधि भित्र आंशिक मात्र काम सम्पन्न हुने परिस्थिति ठहर भएमा, कुनै पनि बखत संझौता रद्द गरि तोकिएको समयावधि भित्र काम सम्पन्न गर्न आवश्यक अन्य व्यवस्था गर्न सक्नेछ । संझौता गरेको निर्माण व्यवसायीले आंशिक काम सम्पन्न गर्नाले परियोजनाको काममा उत्पन्न व्यवधानको क्षतिपूर्ति स्वरुप, आम्दा नेपालले बाँकी काम सम्पन्न गर्न अन्य व्यवसायी परिचालन गर्दा लागेको सम्पूर्ण मूल्यको बीस प्रतिशत थप गरि जरिवाना तोक्न वा परफरमेन्स वोण्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्न सक्नेछ ।

१७. नेपाली मुद्रामा क्रस चेक मार्फत भुक्तानी गरिनेछ । नेपाल सरकारको प्रचलित नियमानुसार लाग्ने कर अग्रिम कट्टा गरिनेछ ।

१८. निर्माण व्यवसायीले संझौता बदर गर्न चाहेमा कम्तिमा तीन महिना अगावै लिखित सूचना दिनुपर्नेछ । संझौता बदरहुने अवस्थामा आम्दा नेपालले परफरमेन्स वोन्ड र एडभान्स पेमेन्ट ग्यारेन्टी जफत गर्नेछ । संझौता बदरको प्रस्ताव स्विकार गर्ने वा नगर्ने अधिकार आम्दा नेपालमा सुरक्षित रहनेछ ।

१९. संझौता कार्यान्वयन गर्दा तोकिएका बस्तु, सेवा वा सरसामानहरुको गुणस्तरको सुनिश्चितता, आवश्यक प्राविधिक सहयोग र अन्य सबै प्रकारका सरसहयोग, बोलपत्रसाथ पेश गरे वमोजिम आपूर्तिकर्ताले उपलब्ध गराउनु पर्नेछ ।

२०. बोलपत्रहरु आंशिक वा पूर्णरुपमा, जानकारी दिई वा नदिई स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार, पूर्ण रुपमा आम्दा नेपालमा सुरक्षित रहनेछ ।

बोलपत्र संवन्धि थप जानकारीको लागि तलको ठेगानामा सम्पर्क गर्न सकिनेछ ।

**<u>सम्पर्क राख्ने ठेगाना</u>**

आम्दा नेपाल
मातृशिशु स्वास्थ्य परियोजना
गढवा, दाङ्ग
टेलिफोन नं. ०८२-४१०१०३

आम्दा नेपाल
केन्द्रीय कार्यालय
गोकर्णेश्वर–६, काठमाडौं
टेलिफोनः०१–९१०२३५/४९१११४०

आम्दा नेपालको उपरोक्त सूचना वमोजिम तोकिएका उपरोक्त शर्तहरु पूर्णरुपमा स्विकार गर्दछु/गर्दछौं ।

संस्थापक वा आधिकारीक पदाधिकारीको नामः
...............................................................

हस्ताक्षरः
...............................................................
मितिः ..............................

फर्म÷कंपनीको छाप